तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

मिति : २०८२/०६/१७

### विषय: बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना ।

श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा बिरामी भई बैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोष मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीहरुलाई बैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत रहेकै शैशिक संस्थामा बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र तपशिलमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न कागजातहरु**

क) अनुसूची (१) बमोजिमको ढाँचामा निवेदन
ख) कामदारको राहदानीको प्रतिलिपि
ग) अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस
घ) जन्मदर्ताको प्रतिलिपि
ङ) कामदार अभिभावक र विद्यार्थिको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि
च) मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अङ्गङ्ग वा गम्भिर बिरामि भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि
छ) आफ्नो वा अभिभावको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)
ज) स्थानीय तहको सिफारिसको प्रतिलिपि

...............................
अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची — १**

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..........................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

**<u>संलग्न कागजातहरू</u>**

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :